# नेपाल पत्रकार महासंघ

## सुनसरीका पत्रकार गोपाल दाहालका सम्वन्धमा गठित मिडिया मिसनको प्रतिवेदन
## २०८१

**मिसन टोली**

- **कमल रिमाल**
- **शंकर खरेल**
- **भरतबहादुर खड्का**
- **सन्तोष काफ्ले**
- **हर्ष सुब्बा**

## १. पृष्ठभूमि

मुलुक संघीय संरचनामा गएपछिको स्थानीय तहको दोश्रो निर्वाचन २०७९ मा सुनसरीजिल्लाको धरान उपमहानगरपालिकाको प्रमुखमा हर्कराज राई निर्वाचित हुनुभयो । राजनीतिक दलका उम्मेदवारलाई पराजित गर्दै स्वतन्त्रबाट राई धरानको प्रमुखमा निर्वाचित हुनुभएको थियो । धरानमा देखिएको खानेपानीको समस्यालाई उहाँले चुनाबमा मुख्य मुद्दा बनाउनु भएको थियो । प्रमुखमा निर्वाचित भएलगत्तै उहाँले धरानमा खानेपानीको व्यवस्था गर्नका लागि श्रमदान अभियान शुरु गर्नुभयो । प्रमुखको निर्णयलाई कार्यपालिका बैठकले पनि पारित गऱ्यो । अन्ततः धरानमा खानेपानी आपूर्तिका लागि सबै जनप्रतिनिधिहरू एकमत भए । सोही आधारमा श्रमदानलाई व्यवस्थित गर्न कार्यपालिकाले छुट्टै बैंक खाता खोल्ने निर्णय भयो ।

श्रमदानमा धरानसँगै विभिन्न क्षेत्रबाट उल्लेखनीय सहयोग देखियो । श्रमदानसँगै आर्थिक सहयोग पनि जुट्न शुरुभयो ।आर्थिक स्रोत जुटदै जाँदाप्रमुख राईको प्राथमिकतानीति, निर्माणमा भन्दा पनि श्रमदानमा पऱ्यो । तत्पश्चात नागरिक समाज, स्थानीय राजनीतिक दलका प्रतिनिधिले जनप्रतिनिधिले नीति निर्माणमा ध्यान दिनुपर्ने र श्रमदानलाई विधिसम्मत बनाउने पर्ने लगायतको आवाज उठाउन शुरु गरे ।श्रमदानका सहभागीहरूले सामाजिक सञ्जालबाटप्रचार प्रसार गर्न थाले । विभिन्न सञ्चारमाध्यमहरूमा समाचार प्रकानश प्रसारण हुनथाले । जुन स्वाभाविक थियो ।

नगरप्रमुख हर्क राज राईले उपमहानगरपालिकाले श्रमदानको आयव्यय व्यसिथित गर्न छुट्टै खाता खोल्ने निर्णय गरेको थियो । तर, प्रमुख राई उक्त खाता नचलाई व्यक्तिगत खातामा रकम जम्मा गर्न लगाएर खर्च गर्न थालृ । श्रमदानको खर्च पारदर्शी हुनुपर्ने आवाज उठ्न थाल्यो । स्थानीय राजनीतिक दल, नागरिक समाजले उठाएका सवाल र श्रममा देखिएका विकृतिलाई सञ्चारकर्मीले समाचार प्रकाशन/प्रसारण गर्न थालेपछि । त्यसपछि पत्रकारहरूनगरप्रमुख राईको निशानामा पर्न थाले । सामाजिक सञ्जालमा प्रमुख राईले सञ्चार माध्यम, पत्रकारहरूलाई तल्लोस्तरको टिप्पणी गर्दै ‘स्टाटस’हरूलेख्न थाले । उनको स्टाटसमा जसले टिप्पणी गऱ्यो उसैप्रति लक्षित गरेर सामाजिक सञ्जालमा प्रमुख राईका गाली र धम्कीयुक्त ‘स्टाटस’हरू आउन थाले । राईका विरुद्ध लेख्ने, बोल्नेहरूमाथि उहाँका समर्थकहरूले अपशब्द प्रयोग गर्दै गाली गर्ने, फोटो बनाएर श्रद्धाञ्जली दिने, भौतिक आक्रमण तथा ज्यान मार्ने धम्कीहरूदिने जस्ता असामाजिक काम गर्न थाले । सार्वजनिक कार्यक्रमहरूमा टिप्पणी गर्नेहरूमाथि समर्थकले आक्रमण पनि गर्नथाले ।

प्रमुख राईले पत्रकारहरूलाई लक्षित गरेर अपशब्द प्रयोग गरी टिप्पणी गर्न, समर्थकबाट धम्की दिन थालेपछि नेपाल पत्रकार महासंघ सुनसरी शाखाले २०८० वैशाख २९ गते पहिलो पटक सुनसरीका तत्कालिन प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेलाई ध्यानाकर्षण गराएको थियो । धरानको प्रमुखमा निर्वाचित भएको एक वर्ष नपुग्दै पत्रकार महासंघ उनीविरुद्ध आन्दोलित हुन पुगेको थियो । त्यसपछि पनि प्रमुख राईका गलत कार्यको समाचार सम्प्रेषण गर्ने पत्रकारहरू निशानामा पर्दै आएका छन् ।पत्रकारलाई गाली गर्दै प्रमुख राईले स्टाटस लेखेपछि उनका समर्थकहरू पत्रकारविरुद्ध खनिने, धम्की दिएर म्यासेज पठाउने, फोन गर्ने जस्ता कार्य गरेको छानविनको क्रममा पाइएको छ ।

अहिले पनि प्रमुख राईले गरेका गलत कार्यका बारेमा प्रमाणसहित समाचार लेख्ने पत्रकारहरूको नाम किटेर सामाजिक सञ्जालमा लेख्ने र उनका समर्थकबाटपीडित बन्नुपर्ने अवस्था छ । समाचारका विषयमा पत्रकारसँग कुराकानी गर्न नमान्ने, समय नदिने, फोन नउठाउने गरेको पाइन्छ । प्रमुख राईले आफ्नो पक्षमा मात्रै श्रब्य, दृष्य सामग्री प्रकाशन प्रसारणका लागि धरानमा कार्यालय रहेको अनलाइन मिडिया एसोसिएसनलाई प्रयोग गर्दछन् । जसमा ४० बढी पत्रकार संगठित छन् । एसोसिएसनमा युट्युवरहरू बढी छन् । उनका हरेक गतिविधिहरूको समर्थनमा युट्युवरहरूले काम गरिरहेको पाइएको छ । तर, मूल प्रवाहका सचारमाध्यमहरूलाई आधिकारितक सूचना दिन नमान्ने काम गर्नाले यी सञ्चारमाध्यमहरू उपमहानगरपालिकाको सूचनाको पहुँचबाट टाडिन थाले । एक प्रकारको खाडल रहन गएको छ ।

पछिल्लो समय प्रमुख राईले सार्वजनिक रुपमा दिएका अभिव्यक्ति, स्टाटस र नगर प्रमुख अघिको अवस्थाका विषयलाई समेटेर *खोज पत्रकारिता केन्द्रमा सुनसरीका पत्रकार गोपाल दाहालको रिपोर्ट* ***'हर्क साम्पाङको मनमौजी शासन, बेथितिको दलदलमा धरान'*** प्रकाशन भएपछि उनले सामाजिक सञ्जालमार्फत धम्की दिएको र समर्थकहरूबाट निरन्तर ज्यान मार्ने धम्कीपूर्ण म्यासेज दिएको तथ्य वाहिर आएको छ । उनका यी हर्कतहरूले दाहाल विस्थापित हुने खतरा उत्तिकै बढ्को छ । यति मात्र होइन उनका यस्ता हर्कतविरुद्ध खुलेर कलम चलाउन सक्ने अवस्था स्थानीय पत्रकारको देखिदैन । यस विषयलाई लिएर नेपाल पत्रकार महासंघ सुनसरी शाखा, कोशी प्रदेश समिति, केन्द्रीय समिति,पेशागत संगठनहरू प्रेस चौतारी नेपाल, नेपाल प्रेस युनियन र प्रेस सेन्टर र स्थानीय राजनतिक दलहरूको ध्यान केन्द्रित भएको छ । सोही अनुसार उनीहरूले विज्ञप्ति प्रकाशित गरी धरान उपमानगरपालिकाका प्रमुख राईलाई विधिको शासनभित्र बस्न अपिल गरिएको छ । त्यति हुँदा पनि प्रमुख राईको व्यवहारमा सुधार नआएपछि अन्ततः नेपाल पत्रकार महासंघको नवनिर्वाचित केन्द्रीय समितिको २०८१ पुस ९ गतेको पहिलो बैठकले **घटनाको सत्यतथ्य छानविन गर्न मिसन टोली** गठन गरेको छ ।

## २.मिसनको आवस्यकता र औचित्य

नेपालको संविधान २०७२ को प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र' उल्लेख छ । मौलिक हक अन्तर्गत धारा १९ मा सञ्चारको हकको व्यवस्था छ । सो व्यवस्था अनुसार विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।नेपालको संविधान २०७२ को प्रस्तावना र सञ्चारको हकलाई चुनौती दिने गरीधरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई प्रस्तुत हुन थाल्नु भएको छ । यसले समग्र सञ्चार क्षेत्रलाई प्रभाव पार्ने देखिएको छ । संविधानको व्यवस्थाको प्रतिकूल हुने गरी स्थानीय सरकारका प्रमुख प्रस्तुत हुन थालेपछि नेपाल पत्रकार महासंघको २०८१ मंसिर २८ गते सम्पन्न निर्वाचनपछिको नयाँ केन्द्रीय कार्यसमितिको पहिलो बैठक २०८१ पुस ९ गते बस्यो । सो बैठकले सुनसरीको धरानका पत्रकार गोपाल दाहाललाई ज्यान मार्ने धम्की दिने र स्थानीय सरकारबाटै पत्रकार असुरक्षित हुने अवस्था आएपछि केन्द्रीय मिसन टोली खटाउने निर्णय गऱ्यो । महासंघको निर्णय अनुसार मिसन टोलीले स्थलगत अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरेको छ ।

## ३. मिसनको उद्देश्यः

धरान उपमहानगरपालिका प्रमुख हर्क राज राईको विषयमा समाचार लेखेको आधारमा पत्रकार गोपाल दाहाल लगायतका पत्रकार तथा सञ्चारकर्मी उपर राई र उहाँका समर्थकहरूले दिएको धम्की र त्यसबाट उत्पन्न पत्रकारको सुरक्षा खतराबारे सत्यतथ्य बुझी प्रतिवेदन प्रस्तुत गर्नु यस मिसनको उद्देश्य रहेको छ ।

## ४. मिसनको संरचना र कार्यावधि

### ४.१ मिसनको संरचना निम्न अनुसार रहेको छ ।

१.श्री कमल रिमाल, सदस्य, नेपाल पत्रकार महासंघ केन्द्रीय समिति
२. श्री शंकर खरेल,सदस्य, नेपाल पत्रकार महासंघ केन्द्रीय समिति
३. श्री भरतबहादुर खड्का, अध्यक्ष,नेपाल पत्रकार महासंघ कोशी प्रदेश समिति
४. श्री सन्तोष काफ्ले, अध्यक्ष, नेपाल पत्रकार महासंघ सुनसरी
५. श्री हर्ष सुब्बा, वरिष्ठ पत्रकार, धरान सुनसरी

### ४.२ मिसन अध्ययन अवधि :

मिसन टो लीले वि.सं. २०८१ पुस १२ देखि १९गते सम्म सुनसरी जिल्ला का सरोकारवालाबीच प्रत्यक्ष भेटघाट गरी स्थलगत रुपमा छानविन तथा अध्ययनको काम गरेको थियो । सोही अवधिमा भेटिएका तथ्य र विचारका आधारमा मिसनको यो प्रतिवेदन तयार गरिएको हो ।

### ४.३ मिसनले भेटी सूचना संकलन गरेका व्यक्ति तथा निकायहरू :

मिसने त्यस छानविनको क्रममा २२ जना व्यक्ति तथा संस्थाका प्रमुख एवम् प्रतिनिधिसँग स्थलगत भेटी छलफल गरेको थियो । भेटघाटको उक्त विवरण तल दिइएको छ ।

| क्र.सं. | मिति | भेट गरिएका व्यक्ति/संस्था |
|---|---|---|
| १ | २०८१ पुस १२ | • श्री गोपाल दहाल, नगर प्रमुख हर्कराज राईबाट पीडित पत्रकार । |
| २ | २०८१ पुस १२ | • नेपाल पत्रकार महासंघ सुनसरीका निवर्तमान अध्यक्ष तथा पीडित पत्रकार जनकऋषि राई । |
| ३ | २०८१ पुस १२ | • नेपाल पत्रकार महासंघ सुनसरीका वर्तमान पदाधिकारी अध्यक्ष सन्तोष काफ्ले, उपाध्यक्ष अर्जुन सुवेदी, सचिव विनय बाराकोटी । |
| ४ | २०८१ पुस १२ | • नगरप्रमुखबाट पीडित पत्रकार संजिता धमला, कपुरी मिडियाका सम्पादक मात्रिका नेपाल ।<br>• नेपाल टेलिकम सुनसरीका कर्मचारी शिव धमला |

| | | |
|---|---|---|
| | | ● व्लाष्टका सम्पादक देवेन्द्र कार्की । |
| ५ | २०८१ पुस १२ | ● धरान उपमहानगरपालिकाका कार्यपालिका सदस्य दिनेश गजमेर । |
| ६ | २०८१ पुस १५ | ● धरान नगरपालिकाका पूर्वमेयर तथा मेयर हर्कराज राईका प्रत्यासी मनोज मेन्याङ्वो ।<br>● नेवार एकता समाजका केन्द्रीय अध्यक्ष तथा पूर्वसञ्चारकर्मी महेश श्रेष्ठ ।<br>● नेपाल वार एशोसियसन सुनसरी ईकाईका अध्यक्ष बीरेन्द्र बस्नेत । |
| ७ | २०८१ पुस १५ | ● पीडित पत्रकार दाहालकी श्रीमती निका तामाङ दहाल |
| ८ | २०८१ पुस १५ | ● इलाका प्रहरी कार्यालयका डिएसपी प्रकाश जवेगु । |
| ९ | २०८१ पुस १५ | ● पीडित पत्रकार खिलानाथ विक, अनलाईन मिडिया एशोसियसनमा आवद्ध भैरव आङला । |
| १० | २०८१ पुस १५ | ● पर्यटन व्यवसायि वाशुदेव वराल ।<br>● नेपाली काँग्रेसका नगर सभापति श्याम पोखरेल । |
| ११ | २०८१ पुस १५ | ● धरान उपमहानगरपालिकाका प्रवक्ता तथा वडानं १७ का वडाध्यक्ष, नेकपा माओबादी केन्द्रका निर्वतमान अध्यक्ष मनोज भट्टराई । |
| १२ | २०८१ पुस १५ | ● सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारी । |
| १३ | २०८१ पुस १९ | ● सुनसरीका प्रहरी प्रमुख एसपी सुमन तिम्सिना । |

**४.४ नगर प्रमख हर्कराज राईसम्पर्कमा आउन चाहेनन्**

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईले प्रयोग गर्ने ९८५२०४५६०० नम्बरमा कैयौ पटक सम्पर्क गर्दा पनि फोट नउठ्ने र फोन उठिहाले अहिले भेट हुन संभव छैन भन्दै उहाँले मिसनटीसँग भेट गर्न नै अस्वीकार गर्नुभयो । उहाँसँग सम्कपर्कका लागि भएका प्रयासहरू :

- २०८१ पुस १५ गते पहिलो पटक मिसन टोलीका तर्फबाट संयोजक कमल रिमालद्धारा विहान १०:१६, १०:१७ मा फोन गरियो । फोन उठेन, तेश्रो पटक १०:२१ मा फोन उठ्यो तर उहाँले आफु टाढा भएकाले भेट गर्न सम्भव नभएको जानकारी दिनुभयो । मिसन टोलीका संयोजक रिमालले तपाई कति टाढा हुनुहुन्छ हामी त्यहीँ आउँछौ भनेपछि प्रमुख राईले भेट्न अस्वीकार गर्नु भयो । उसो भए तपाईलाई हामी भेटेरै जान्छौ धरानमै पर्खन्छौ भन्दा म तल झरेर फोन गर्छु भन्नुभयो । त्यसपछि दिउँसो १:५०, १:५१, २:३३, २:३६, ३:१२ मा पाँच पटक गर्दा उठेन र व्याककल पनि आएन ।
- २०८१ पुस १९ गते मध्यान्न १२:३२ मिनेटमा फोन गर्दा रिसिभ भयो, बोली आएन ।

- मिसन टोलीबाट नगर प्रमुख राईसँग भेटाटको समय मिलाउनका लागि अनलाइन एशोसियसनमा आवद्ध सञ्चारकर्मीमार्फत आग्रह गऱ्यो । अनलाइन एसोसियशनका साथीहरूले सम्पर्क गरेर सोध्दासमेत नगर प्रमुख राईले पत्रकार महासंघको मिसन टोलीलाई भेट नदिने जवाफ दिनु भएको जानकारी प्राप्त भयो ।
- मिसन टोलीलाई धरानका नगर प्रमुख हर्कराज राईले भेट दिएर आफना कुराहरू राख्न सक्नुपर्दथ्यो । मिसनको छानविन कार्यलाई सघाउनु उहाँको कर्तव्य हो । तर, उहाँले आफुलाई कानूनभन्दा माथि राखेर प्रस्तुत हुनुभयो । धरानबासी नागरिक भन्छन्, आफूलाई कानूनभन्दा माथि राखेर व्यवहार गर्नु नै उहाँमा मुख्य समस्यादेखिएको छ । मिसन टोलीले नगर प्रमुख राईसँग भेटघाटको लागि समय माग गर्न पटक-पटक सम्पर्क गर्न खोजेपनि उहाँ सम्पर्कमा आउन नचाहनु यसैको परिणाम हो ।

## ५. छानविनको क्रममा मिसनले फेला गरेका प्रारम्भिक तथ्यहरू

- नगर प्रमुखका गतिविधिहरू सामाजिक रुपमा दुरी बढाउने खालका छन् । कुनैपनि राजनीतिक दल, सामाजिक संघसंस्था, नागरिक समाज, पत्रकार कसैसँगै पनि संवादको वातावरण बनाउने भन्दा विगार्ने र द्वन्द्व बढाउनमा उद्दत देखिन्छन् ।
- नगर प्रमुख राईले आफ्नो आलोचना गर्नेहरू, नगरका भएका बेथितिबारे समाचार लेख्नेहरूलाई गाली बेइजती गर्ने, समर्थकहरूबाट धम्की दिन लगाउने, भौतिक आक्रमणसम्म गर्ने र थप समाचारहरू लेख्न नसक्ने बनाउनेसम्मका कार्यहरू भइरहेको देखिन्छ ।
- नगर प्रमुखलाई आफ्नो राम्रो कामको पक्षको कुरा लेगाउने, भिडियो बनाउने काममा युट्युवरहरूलाई प्रयोग गरेको पाइएको छ । व्यावसायिक पत्रकारहरूलाई निशाना बनाउने काम गरेको देखिन्छ । जवाफ दिन अनुकूल प्रश्न नगर्नेलाई प्रमुख राईले दलको झोले पत्रकार भनेर गाली गर्ने गरेको देखिन्छ ।
- नगरका सूचनाहरू नदिने, पत्रकारहरूसँग सम्पर्कमा आउन नचाहने, सामाजिक सञ्जाल मार्फत नगर प्रमुखले पत्रकार र उनका परिवारलाई पीडा हुने गरीचुनौतीको भाषामा लेख्ने, भिडियो सामग्रीहरूबनाउने कार्यले गोपाल दाहाल लगायत पीडित पक्षका पत्रकारका परिवारका सदस्यहरू मानसिक तनावमारहेको पाइयो ।
- कतिपय पीडित पत्रकारका छोराछोरीहरू पत्रकार बुवाआमालाई धन्क्याएको वा गाली गर्दै लेखेका सामाजिक सञ्जालको स्टाटस हेरेर डराएका, विद्यालयमा बढ्न जान समेत सशंकित हुने गरेको पाइएकोले त्राशको वातावरण व्यक्तिमा मात्र  सीमिति नरही परिवारको तहसम्म विद्यमान रहेको पाइयो ।

## ६. छानविनको निष्कर्ष:

धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईको गतिविधिले पछिल्लो समयमा धरानकोसमाज, सञ्चारमाध्यम र प्रशासनिक प्रणालीमा गम्भीर चुनौती उत्पन्न गरेको देखिन्छ ।

अध्ययन प्रतिवेदनका आधारमा नगर प्रमुख राईको विवादास्पद भूमिकाले प्रशासनिक पारदर्शिता, प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यहरूलाई गम्भीर रूपमा प्रभाव पारेको देखिन्छ ।

नगर प्रमुख राईले आफ्नो अधिकारलाई दुरुपयोग गर्दै आफूलाई कानुनभन्दा माथि राख्ने प्रवृत्ति प्रदर्शन गरेको पाइएको छ । सामाजिक सञ्जालमा उनले समाचार लेख्ने पत्रकारहरूलाई लक्षित गर्दै अपशब्द प्रयोग गरेका, धम्कीपूर्ण सामग्री सार्वजनिक गरेका छन् । आफ्ना समर्थकहरूलाई पनि त्यस कामका लागि हौसाएको पाइएको छ ।

पत्रकार गोपाल दाहाललाई ज्यान मार्नेसम्मको धम्की दिइएको घटनाले पत्रकारिताको सुरक्षा र स्वतन्त्रता जोखिममा परेको प्रष्ट पार्दछ । अझ पत्रकारहरूको परिवार पनि मानसिक तनाव र धम्कीको सामना गर्न बाध्य भएको पाइयो । यसबाट संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन भएको देखिन्छ ।

नगर प्रमुख राईले अनलाइन मिडिया एसोसिएसनमार्फत आफ्नो पक्षमा प्रचारप्रसार गर्ने रणनीति अपनाएको र मूलधारका मिडिया तथा पत्रकारलाई बेवास्ता गरेको पाइयो । पत्रकारिता के हो भन्ने राम्रोसँग नबुझेका व्यक्ति संलग्न मिडिया परिचालन गरेर नगर प्रमुख राईले धरानमा मिडिया र पत्रकारबीचविभाजित गर्ने नीति लिएको पाइएको छ ।

नगर प्रमुखको कार्यभार सम्हालेलगत्तै उनले सुरु गरेको श्रमदानको अभियानलाई सकारात्मक मान्न सकिन्छ ।  तर धरानको विकासका लागि श्रमदानमार्फत संकलन गरेको रकम उपमहानगरपालिकाको खातामा जम्मा नगरी निजी खातामा राखेर आफुखुसी निकासगरेकाले समाचारको विषय बनेको मात्र होइन स्थानीय सरकारको आर्थिक कारोबारमा पारदर्शिताको गम्भीर प्रश्न उठाएको छ । राज्य संयन्त्रले छानबिन गर्नुपर्ने विषय बनेको छ ।

यस्ता विषयलाई सम्बोधन गर्न नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले सम्बन्धित राकोरवाला निकायसँग सहकार्य गरी यथाशीघ्र ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

## ७. मिडिया मिसनका सुझावहरू

- पत्रकार गोपाल दहाल लगायतका धरानका पत्रकारहरूमाथि हुने धाक धम्की र आक्रमणका कारण पत्रकारहरू धरानबाट विस्थापित हुनेसम्मको अवस्था छ । यसले दीर्घकालमा समाजलाई नै अहित गर्ने भएकाले नागरिक स्तरमा पत्रकारको सुरक्षा, पत्रकारिताको महत्व र सूचनाको अधिकार विषयमा सार्वजनिक रूपमा बहस सञ्चालन गर्न आवश्यक छ ।

- सुनसरीको धरान उपमहानगरपालिकाका नगर प्रमुखबाटै सामाजिक सञ्जालमार्फत आतंक सिर्जना गर्ने र प्रमुखका समर्थकले पीडित र परिवारलाई थप पीडादिने गरी सामाजिक सञ्जालमा स्टाटसलेख्ने, भिडियो बनाउने, व्यक्तिगत मोबाइल नम्बर, म्यासेन्जरमा धम्कीपूर्ण भाषा प्रयोग गरेर गाली गर्ने कार्य निरन्तर रहेकाले यसलाई तत्काल नियन्त्रण गर्नुपर्छ ।
- स्थानीय सरकारको प्रमुखले नेपालको संविधानमा भएका व्यवस्था नमान्ने, आफुलाई कानुन माथि राखेर कानून विपरीत कार्य गर्नु वाञ्छनीय होइन । आफ्नो लागि आफै कानुन बनाउने अभिब्यक्ति दिने गरेका नगर प्रमुखमा नेपालको प्रचलित कानुन र त्यसको अभ्यासका बारेमा जानकारी अभाव वा दम्भ देखिन्छ । मुलुकको संविधान र कानुनले प्रदान गरेको अधिकार प्रयोग गरी पत्रकारिता गर्न पाउने उपयुक्त वातावरण बनाउन राज्यबाट पहल हुन जरुरी छ ।
- स्थानीय प्रहरी प्रशासनले पत्रकार र सञ्चारकर्मी विरुद्ध जुनसुकै प्रकारका धाकधम्की भए पनि त्यसलाई तुरुन्त छानविन गरी कारवाही गर्ने नीति लिनु जरुरी छ । पत्रकारले आफू सुरक्षित रहेको महसुस गरेको अवस्थामा मात्र निर्भीक भएर पत्रकारिता गर्ने वा विकृतिविरुद्ध कलम चलाउने वातावरण बन्नेछ । यसका लागि प्रशासनले जवाफदेहिता बढाउनु पर्ने अवस्था छ ।
- पत्रकार तथा नागरिकको अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न वडा तहदेखिकै सरकार, नागरिक समाज, पत्रकार र तिनका संघ संगठनका प्रतिनिधिबीच अन्तरक्रिया, छलफल हुनुपर्दछ ।
- सुनसरी जिल्लाको धरानमा सामाजिक सञ्जालको दुरुपयोग गरी व्यक्तिको मान सम्मान, जीवन र मर्यादामा आधात पार्ने काम बारम्बार दोहरिएको पाइएको छ । साइबर अपराधसम्बन्धी अनुसन्धान कार्य केन्द्रीकृत भएकाले पीडितले तत्काल न्याय पाउने अवस्था छैन । साइबर साइबर अपराधको अनुसन्धान प्रादेशिक तहबाट हुने व्यवस्था भएमा छानविन गरी कानुनी कारवाहीको प्रक्रयिा अगािड बढाउन सहज हुनेछ ।
- सूचनाको हक नागरिकको मौलिक हक हो । यसको प्रयोगलाई सहज बनाइनुपर्छ । सूचनाको हक प्रयोग गरी मागिएका सूचनासरकारबाट तत्काल पाउने, दिइने व्यवस्था हुन जरुरी छ ।
- श्रमदानका नाममा देश-विदेशबाट ठुलो धनराशी आएको र सो को नगर प्रमुखबाट दुरुपयोग भएको र उपमहानगरको बैंक खाता खोलिए पनि त्यस खातामा रकम जम्मा नगरी नगर प्रमुखको व्यक्तिगत खातामा राखी खर्च भएको गुनासो आएकाले त्यस विषयमा अख्तियार वा राज्यको अन्य निकायबाट छानविन गरी नागरिक स्तरमा देखिएको आशंकालाई प्रष्ट पार्न जरुरी छ ।

*अनुसूचीहरू*

## १. पीडित पत्रकार गोपाल दाहालको भनाई



हर्कराज राईसँग मेरो व्यक्तिगत चिनजान छैन । उहाँसँग मेरो दुस्मनी पनि छैन । मेयर हुनुभन्दा अघि पनि उहाँको बारेमा मैल रिपोर्टीङ गरेको थिएँ । पत्रकारलाई उहाँले पहिले पनि गालि गर्दै आउनु भएको छ । उहाँलाईप्रश्न गर्दा कुन पार्टीको भन्ने, तँ भन्ने, गाली गर्ने, पत्रकार झोले, पार्टीको भन्ने गर्नु भएको छ । पहिले म ब्लाष्ट दैनिकमा काम गर्थे । नगरपालिकाको कामबारे प्रश्न गर्दा ब्लाष्टका संवाददाता खिलानाथ विकलाई कुन पार्टीको भन्नु भएको थियो । पत्रकार महासंघ सुनसरीका पूर्वअध्यक्ष केशव घिमिरेलाई नगरपालिकामा हाजिर हुने भन्दै फेसबुक गाली गर्दै लेख्नु भएको थियो । त्यसपछिमहासंघले आन्दोलन गरेको थियो । २०७९ को स्थानीय तहको चुनावमा उठ्न लाग्दा पनि राईका बारेमा  हामीले राम्रो स्टोरीमा पनि गरेका थियौं । दलहरू प्रति मतदाता नकारात्मक भएका कारण स्वतन्त्र उम्मेदवार आउन सक्ने भनेर पनि मैले लेखको थिएँ ।

धरानमा नगर प्रमुख राईले आफ्नै समूह बनाउनु भएको छ । दोहोरो सत्ताको अभ्यास उहाँले गर्नुभएको छ । उहाँले स्वतन्त्र नागरिक समाज, दिदी बहिनी समूह । सचेत धराने, अनलाईन मिडिया एसोसिएसन बनाउनु भएको छ ।

म कुनै संगठनमा पनि आबद्ध छैन । स्वतन्त्र रुपमा पत्रकारिता गर्दै आएको छु । हर्कराज राईसँग व्यक्तिगत दुस्मनी मेरो छैन । उहाँले पहिले राम्रै लागेको थियो । पछि विवादमा आउन थालेपछि मैले एक वर्ष देखि उहाँले सार्वजनिक स्थलमा बोलेका कुराहरू, फेसबुक स्टाटस संकलन गर्न शुरु गरेको थिएँ । स्टोरी बनाउन आवस्यक होला भनेर नै मैले संकलन गरेको थिएँ । पछि खोज पत्रकारिता केन्द्रमा छलफल भयो । २०८१ मंसिर १४ गते हिमाल खवर अनलाईनमा स्टोरी प्रकाशित भयो । एक-दुई दिन प्रतिक्रिया आएन ।५ दिन पछि मंसिर १९ गते फेसबुकमा उहाँले ग्रीन टि मा पत्रकार सम्मेलनमा आउनु भनेर लेख्नुभयो । खोज पत्रकारिताका गोपाल दाहाल र पत्रकार महासंघका अध्यक्ष जनकऋषि राई दुवै आउनु भनेर लेख्नु भयो । उहाँले खोज पत्रकारिता सिध्याइदिन्छु पनि भनेर लेख्नुभयो । तर म त्यसको पछि लागिन । फेसबुकमा हाजिर हुने भनेर लेख्नु भयो । उहाँले हामीलाई पत्रकार सम्मेलनमा बोलाएको

पनि थिएन । सचिवालयले पनि फोन नगरेकाले जाने कुरा भएन । उहाँ नगरपालिका पत्रकार सम्मेलन कहिलै गर्नु हुँदैन । धरान १८ को ग्रिन टिमा आउनु भन्दै लेख्ने गर्नुभएको छ ।

पत्रकार सम्मेलनमा हामी गएनौं । अरु युट्युवरहरूगए । उनीहरू पत्रकार सम्मेलनको लाईभ गरे । युट्युवमा आयो । उहाँले पत्रकार सम्मेलनमा पनि हामी (जनकऋषि राई र मलाई) चोर पटाहा भन्नुभयो । तिमीहरूको घर कसरी चलिरहेको छ । चामल, दाल लिन नगरपालिकाम आउनु म दिन्छु भन्नुभयो । हामीलाई गाली गरेररै सकियो पत्रकार सम्मेलन । मैले लेखेको स्टोरीमा मेयरको गलत कार्य सार्वजनिक भएकाले पनि उहाँ म विरुद्ध लागेको देखिन्छ । मैले स्टोरी लेखेपछि  समस्या आउने देखेका कारण सवै सँग कुरा गरेर लेखेको छु । प्रमाणहरू सुरक्षित छन् ।

फेसबुकमा मलाई चोर, फटाहा, सामाजिक रुपमा बहिस्कार गरौ भन्दै लेखेपछि समर्थकले फोटो राखेर श्रद्धाञ्जली दिएर राख्ने गरेका छन् । पर्शनल म्यासेन्जरमा पनि पठाउने गरेका छन् । मृत्युको कामना । अव तेरो धेरै दिन छैन भन्दै म्यासेजहरू आएका छन् । यसरी म्यासेज आएपछि पत्रकार महासंघमा छलफल भयो ।इलाका प्रहरीकार्यालयमा शान्ति सुरक्षाको माग गरेर धम्की दिने, म्यासेज पठाउनेहरूको नाम सहित जानकारी पनि दिने काम भो । तर प्रहरीले सोधपुछ गरे जस्तो लागेन ।

मंसिर २६ गते विहान ४/५ जना मास्क लगाएर आए । गोपाल दाहाल बस्ने घर यही हो भन्दै गए । मान्छे चिनिएन । बाहिर सोधी खोजी पनि गरेछन् । विहान ७- ८ वजेतिरको कुरा हो । छिमेकीलाई पनि सोधेछन् । धेरै बेर वसेनन् । टोलमा सोधेको रैछ । म बाथरुममा थिए । श्रीमतीले झ्यालबाट हेरेकी रैछिन ।धम्कीका म्यासेज आईरहेको छ । कतिपय म्यासेज हेरको पनि छैन । छिमेकमा कतिपयले समाचार नलेखेको भए हुन्थ्यो । मेयरले काम गरिरहेका छ पनि भने । श्रीमतीको चतरा लाईनमा डेक्स्टप सर्भीस छ । पसलमा गोपाल दाहाल को रैछ । हर्क साम्पाङको लेखेको छ भन्दै भन्छन् अरे ।

इनरुवामा गएर बार एसोसिएसनमा पनि छलफल भएको छ । महासंघले औपचारिक जानकारी दिएको छैन । दिएपछि सहयोग गर्ने कुरा भएको छ । सिडियोससँग पनि घटनाबारे जानकारी गराइएको छ ।

धरानमा मलाईबस्नै गाऱ्हो भएको त छैन । हिडिँरहेको छु । तर फलोअपस्टोरी गर्ने की नगर्ने भन्ने भएको छ । अलि मानसिक तनाव भइराछ । हर्कराज राईका समर्थकहरूबाट चुनौति छ। आक्रमण गर्लान की भन्ने डर चाँही छ । घरबाट टाढा हिनेको छैन । नजिक साथीहरूसँग निस्कीराछु ।

समाचारका लागि मेयरले फोन नउठाउने बानी छ । उठाए पनि सम्पर्कमा आउन नचाहने उहाँको बानी छ । नगरमा गए पनि अनुमति पाउन गाऱ्हो छ । नगरमा खास उहाँ बस्ने गर्नु हुन्न ।

कानुन विपरित भएका कार्यको समाचार लेख्न पत्रकारले पाउनु पर्छ । मेयरका कारण धरानमा पत्रकारिता माथि चुनौति छ । उहाँ पत्रकारिता सिध्याईदिने भन्दै लाग्नु भएको छ । सवै चुप लागे उहाँले झन गलतगर्ने मैले देखेको छु । नेपाल पत्रकार महासंघले कानुनी हिसावमा गए हुने थियो ।

## २. पीडित पत्रकार दाहालकी श्रीमती निका तामाङको भनाई



शुरुमा समाचारको बारेमा मलाई थाहा भएन । साथीहरूले भनेपछि थाहा भयो । दोकानले गर्दा व्यस्त हुन्छु । साथीहरूले समाचारको लिंक, कमेन्ट मलाई पठाउँदै भेनालाई के भनेको भन्दै पठाए । मेरो श्रीमानलाई सोधेँ केही हैन भन्नुभयो । डराउँछन भन्ने लाग्यो होला । छोराले टिकटमा देखेछ । हर्क साम्पाङले के भनेको ? भनेर भन्यो । हेरेको पुरै गाली नै गाली थियो । हर्क साम्पाङले छोरा नाती छ्या छ्या भविष्यको चिन्ता छैन भन्दै भिडियो बनाएर टिकटक बनाएका कारण छोरो अलि आत्तीयो । भोली कलेज नजाम होला पनि भन्यो । स्कुलमा आएर मार्ला की पनि भन्यो । उ १६ वर्षको छ । ११ कक्षामा पढ्छ । छोरी १४ वर्षकी छिन् । ९ कक्षामा पढ्छिन । छोराछोरीले भोली देखि स्कुल नजाने हामी मर्ने भयौं पनि भने । मैले उनीहरूलाई सान्तवना दिएँ । त्यस्तो हुदैन भने ।

हामी बसेको घर जिर्ण भएको छ । रुम खाज्ने तयारीमा छौं । तर छोराछोरी हामीलाई हर्क साम्पङका मान्छे धेरै धरानमा छन् हामीले रुम पनि पाइदैन होला भन्छन् । उनीहरूधैरै डराएका छन् ।

एक दिन चाँही स्कुल जानै मानेका थिएनन । गार्डलाई पनि भने । छोराछोरीले फोन गर्न खोजेभने दिनु पनि भने । तर फोन आएन । शुरु शुरुमागोपाल दाहालको घर खोज्दै नचिनेका मान्छेहरू आए । अहिले छैन । तर पसलमा आउने नचिनेकाहरूले कस्तो 'ग' खाने पत्रकार रैछ भन्दा नराम्रो लाग्छ । कतिपयलाई सम्भाउने पनि गर्छु । गोपाल दाहालको श्रीमती भनेर पसलमा आएका मान्छेहरूले मलाई चिन्दैनन ।

मलाई कुनै धम्की आएन । तर टिकटक, फेसबुकमा मेयरले लेखेका कारण छोराछोरी चाँही धेरै आत्तीएका छन् । परिवारलाई मेयरले दिएको तनावले मलाई धेरै रिस उठ्यो । अहिले छोराछोरीलाई फेसबुक, टिकटक हेर्न दिएको छैन ।

मैले धरान छोड्न मानेको छैन । तर श्रीमान चाँही बस्न मान्नु भएको छैन । छोराछोरीको पढाईका कारण पनि मैले धरान छाड्न नमानेको हो । मेरो श्रीमान गलत गर्नुहैन । गलत गर्नेहरूको समाचार लेख्नु भन्दै म उहाँलाई प्रोत्साहन गर्ने गरेको छु ।

## ३. सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीको भनाई



धरानमा संचारकर्मीले निर्धक्क भएर काम गर्ने वातावरण बनाउन कुनै कसर छाड्दैनौं । कतिपय पदका ब्यक्तिले मर्यादा कायम गर्न नसक्दा धरानमा संचारकर्मीले धम्की सहनु परेको छ ।

राज्यको ओहदामा बसेको ब्यक्तिले कस्तो अभिब्यक्ति दिनु पर्ने हो ? आफैं बुझ्नु पर्छ । यसमा मेरो धारणा आवश्यक पर्दैन । समाचार लेखेका कारण आउने धम्कीले थातथलो छाडिहाल्नु पर्ने नेपालको संचार जगत त्यत्ति कम्जोर छैन ।

गोपाल दाहाललाई धाकधम्की दिनेहरू बिरुद्ध जाहेरी माग गरेर कारवाही गर्छौं । मनुस्य जातिको समस्या हो-सबैले स्तुतिगान गाउन । समाचारमा असहमति जनाउने त्यो तरिका भएन । कानुनले पद, समर्थक, युट्युवर कति धेरै छन् भनेर हेर्दैन । यसअघि पनि धरानमा संचारकर्मीलाई आक्रमण गर्ने २२ जनालाई समातेर कारवाही भएको छ । पुनः त्यस्तो अवस्था आए जो कोहीलाई कारवाही हुन्छ ।

प्रमुख जिल्ला अधिकारी तिवारीको हाल गृह मन्त्रालय सरुवा भएको छ ।

## ४. जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख एसपी सुमन तिम्सिनाको भनाई



सुनसरीका पत्रकार गोपाल दाहाललाई सामाजिक सञ्जाल मार्फत धम्की दिनेहरूको खोजी भईरहेको छ । फेसबुक लिंकका आधारमा कहाँबाट एक्टिभ भएको छ भनेर साईबर व्युरोको साथ लिएको छ ।

हाम्रो कानुनले साईवर अपराधमा महिला, बालबालिका, जेष्ठ नागरिक, भिभिआईपी, मुलुकको सार्वभौमसत्तालाई उच्च प्राथमिकता दिईने गरेको छ । राजनीति लगायतका विषयहरूकम प्राथमिकतामा छन् ।

सत्य सामाचारमा आधारित इस्युलाई थ्रेट गर्नेहरूको अनुसन्धानका लागि छुट्टै डेस्क आवस्यक छ । अनि मात्रै न्याय सम्पादन छिटो हुन्छ । त्यसो भए मात्रै जिल्ला तहमा काम गर्न सजिलो हुन्छ । मुद्धा दर्ता गर भनिन्छ । तर हामी साइबर व्युरोमा निर्भर रहनु पर्ने अवस्था छ । त्यहाँको जनशक्तिले नेपाल भरिको कामलाई हेर्दा प्रकृयागत रुपमा ढिलो हुन्छ ।

कम्तीमा प्रादेशिक तहमा डिजिटल फरेन्सीक ल्याव र व्युरोको विशेष शाखा भए अनुसन्धान सजिलो र न्याय सम्पादन छिटो हुने थियो ।

विश्व डिजिटलाईजेसन भइसक्यो । हामी अझै परम्परागतमै छौं । साईवर ऐन, सातै प्रदेशमा विज्ञ सहितको ल्याव र विज्ञ सहितको टोली भए वाट्सप मार्फत हुने बैंक ठगी, गाली वेइजती गर्नेहरूलाई तत्काल कानुनी दायरामा ल्याउन सकिने थियो ।

साईवर अपराधको अनुसन्धान प्रदेश तहमा थियो भने सुनसरीको धरानमा सामाजिक सञ्जाल मार्फत दिईने धम्कीलाई तत्काल नियन्त्रणमा ल्याउन सजिलो हुने थियो । क्लोज मनिटरमा राखेर धरानका पत्रकारलाई प्रहरीले सुरक्षा दिन्छ । तपाइँहरूलाई विश्वास दिलाउन चाहन्छु ।

संविधान कानुन अनुसार मेयर हुने अनि कानुन नटेर्ने भन्ने हुँदैन । कानुन नमान्नेहरूलाई कानुनको दायरामा ल्याउन सकिन्छ । धरानलाई राज्य संयन्त्र भित्रको पालिका हैन भन्ने भाष्य बनाउन पाईदैन । कानुनले दिएको अवसर लिएर मान्दिन भन्ने छुट कसैलाई छैन ।

पत्रकारलाई धम्की दिनेहरूको अनुसन्धान भईरहेको छ । पत्रकार विस्थापित हुने चुनौतिले प्रहरीको उपस्थिती कमजोर होकी भन्ने लागेको छ । तर धम्की दिनेहरूलाई कारवाही गरिन्छ ।

## ५. इलाका प्रहरी धरानका डिएसपी प्रकाश जवेगुको भनाई



नगर प्रमुखको धम्की पूर्ण स्टाटस फेसबुकमा आएपछि उहाँलाई भेट्न कार्यकक्ष गए । मैले फेसबुकमा आएको कुराबारे सोधेँ । उहाँले म सहि छु भन्नुभयो। आफु कानुन भन्दा माथि भएको कुरा गर्न थाल्नुभयो । त्यसपछि मैले समस्याको जड उहाँ नै हो भन्ने बुझेँ । पत्रकार गोपाल दाहाल, जनकऋषि राईलाई मेयरका केही समर्थकहरू जुन पहिचान भएकाहरूले सामाजिक सञ्जालमा लखेको धम्कीपूर्ण स्टाटस डिलिट गर्न लगाएँ । मेयरको कार्य प्रहरीको अनुसूची भित्र पर्ने अपराध भए कानुन बमोजिम गर्न सजिलो हुने थियो ।विगत छताछुल्ल भएपछी उहाँले त्यो खालको व्यवहार देखाएको हुन सक्ने मलाई लागेको छ ।

व्यक्तिगत सुरक्षाको मामलामा गोपाल दाहाल मात्र हैन धम्की आएकाहरूलाई तत्काल रेस्पोन्स गरेका छौं । शान्ति सुरक्षा हामी दिने छौं । धाक धम्की दिनेहरूको जानकारीमा आए सम्मका लागि बोलाएर डिलिट गर्न लगाएको छु ।

पत्रकार दाहाल माथि असुक्षा भन्ने कुरा आउन सा हामीले निगरानी बढायौं । गोपाल दाहाललाई हामीले सुरक्षा दिएका छौं । उहाँलाई धम्की दिनेलाई माफी मगाएर छाडेको छु ।

## ६. धरान उपमहानगर प्रवक्ता मनोज भट्टराईको भनाई



नेपाल पत्रकार महासंघ सुनसरीका पूर्व अध्यक्ष केशब घिमिरेदेखि मेयर र पत्रकारहरूवीच दुरी बढ्ने काम शुरुभएको छ । धरानमा सत्य समाचार लेख्ने अवस्था छैन मेयरले समर्थक उचालेर कुटपिट गराउँने अवस्था छ । मेयरको समर्थनमा समाचार नलेखे गाली र धम्की आउँछ । राम्रो समाचार लेखिदिने र

शुभचिन्तकहरूलाई चन्दाबाट आएको पैसाबाट उपहार दिइन्छ, पुरस्कृत गरिन्छ भन्ने सुनेको छु ।

कार्यपालिकामा उहाँको आतंकबाट शुरुमा बोल्ने अवस्था कसैको थिएन । म आफै लागेपछि अहिले कार्यपालिकामा आतंक कम भएको छ । धरान उपमहानगरको रियल घटनाबारे लेख्ने परिस्थिति छैन । युटुयवरहरूलाई उचाल्ने उहाँको बानि छ । सत्य लेख्ने पत्रकार साथीहरूलाई धम्की दिने उहाँको बानि छ । उहाँका बारेमा उहाँका समर्थकले मात्रै लेख्ने गरेका छन् । अबैध धन्दा बाट आएको पैशाबाट समर्थकलाई व्यवस्थापन गरेको देखिन्छ । नगरको सूचना पाउनै हामीलाई गाऱ्हो छ । गलत कार्य विरुद्ध कार्यपालिकामा बोल्छौं । तर उहाँ सच्चीने अवस्था छैन । कानुन नै मान्दिन भन्नेलाई हामी के भन्न सक्छौं । नगरपालिकाको फ्रेममा रहर उहाँ काम नै गर्नु हुन्छ । बाहिरबाटै चन्दा माग्ने । उतै चलाउने गर्नु भएको छ । मेरो बारेमा लेखेर ठिक गरेनन भन्ने र

आफु मात्रै ठिक भनेर भन्दै हिँड्ने काम गर्नु भएको छ । म नगरको नाम मात्रैको प्रवक्ता हो । त्यसले अहिले म प्रवक्ता हैन की परवक्ता भन्ने गरेको छु । हामीले सूचनाको हक प्रयोग गरेर सूचना माग्दा पनि पाएका छैनौं ।

:श्रमदानका श्रमदाता, कर्मचारी आन्दोलनकारी सवै उपमहानगरका तलवी कर्मचारी छन । कर्मचारी सवै नाता गोताका छन् । मेयर कार्यालय आउने हैन । कर्मचारीलाई धेरै प्रेसर गरेर सूचना लिने कुरा पनि भएन । उपमहानगरको काम सिस्टममा छैन । मेयर विरुद्ध अदालत, साईवर, अख्तियार सवै तिर गएका छौं ।

## ७. जनकऋषि राई, पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ सुनसरी



धरानको नगर प्रमुख भएपछि उहाँले श्रम अभियान थाल्नुभयो । नगर प्रमुख भएलगत्तै उहाँले पहिलो पटक '*पत्रकार भए खोलामा आउनु । झोले भए नआउनु*' भनेर लेख्नुभयो । त्यमा हाम्रो असहमति भयो । हामी झोले नहुनका लागि उहाँको्मा जानु पर्ने अवस्था राम्रो देखिएन । बारम्वार झोले शब्दलाई उहाँले व्यापक रुपमा लैजानुभयो । त्यसको ३/४ महिना पछि पत्रकार महासंघ सुनसरीका पूर्व अध्यक्ष केशव घिमिरेले धरानमा पानी ल्याउन पहिलेकै नगर प्रमुखहरूबाट काम भएको लगायतको विषयलाई समेटेर स्टाटस लेख्नुभयो । त्यसपछि उहाँ केशव जीको विरुद्धमा लाग्न थाल्नुभयो । उहाँलाई फेसबुकमा होच्याएर लेख्ने, गाली गर्ने, जथाभावी लेख्न थालेपछि हामी आन्दोलित भयौं ।

उहाँलाई ज्ञापन पत्र बुझायौं । सच्चिनु पर्छ । माफी माग्नु पर्छ भन्यौं । तर मान्नु भएन । हामीले ७ दिन आन्दोलन गऱ्यौं । उहाँलाई हामीले केही झुकायौं । यसका लागि मैले वडाध्यक्षहरू लगायतको पनि

राम्रो सहयोग मिल्यो । त्यस समयमा उहाँ धेरै लचक हुनुभयो । पत्रकार महासंघ र नगरप्रमुखवीच सहमति पत्र बनायौं । सहमतिको एउटा बुँदा माफी माग्नु पर्ने थियो । त्यो बुदाँ उल्लेख भएकाले हस्ताक्षर गर्न मान्नु भएन । त्यसपछि उहाँले पत्रकारलाई बढी लक्षित गरेर सामाजिक सञ्जालमा लेख्ने काम शुरु भयो ।

गोपाल जीको समाचारलाई मैले भिजवल बनाएर सामाजिक सञ्जालमा राखेपछि बढी चासोको विषय बन्यो । त्यसपछि उहाँले बढी प्रहार गर्न शुरु भयो । अनि समर्थकबाट धम्कीहरू आउन थाले ।

कुनै कुरालाई प्रहार गर्नका लागि उहाँले जस्तै जनकऋषि कस्तो भनेर लेखिदिने अनि समर्थकले त्यसको पछि लाग्ने, अनावस्यक लेख्ने, धम्की दिने काम शुरु हुन्छ ।

## ८. संजीता धमला, पत्रकार



म व्यवसायिक रुपमा पत्रकारिता गर्छु । कुनै संगठनमा आवद्ध छैन । स्वतन्त्र पत्रकार हुँ । म समाचारसँगै सामाजिक सञ्जाल मार्फत पनि विभिन्न विषयमा स्टाटसहरू लेख्ने गरेको छु । मैले नगर प्रमुख राईले शुरु गरेको श्रमदान र श्रमदानमा भएका गलत विषयबारे उहाँलाई सुझाव दिएँ । नगर प्रमुखलाई सुझाव मन पर्दैन । श्रमदानमा सघाउने भन्दा पनि फोटो भिडियोका लागि आउने गरेको । श्रमदानमा बाहिरबाट आएको पैशा गलत भएको ६० हजार आयो भने ३० हजार खर्च देखाउने गरेको । मासु १० किलो खरिद गरेको भने ४/५ किलो भनेर देखाउने गरेको । श्रमदानका विषयमा विकृति भयो भनेर लेख्न, बोल्न थालेपछि उहाँ म सँग रिसाउन थाल्नुभयो । म विरुद्ध लाग्नु भयो । मैल मेयर निजी सवारीलाई सरकारी बनाएको विषय, मेयरका गलत कार्यहरू, नगरको पार्किङ शुल्क लगातका विषयमा लेख्न थालें । एक पटक धरानमा आयोजित नागरिक सुनुवाई कार्यक्रममा पनि मेयरसँग सम्वन्धित विषयमा प्रश्न गरें । त्यपछि उहाँ म विरुद्ध लाग्न थाल्नुभयो । सामाजिक सञ्जालमा म विरुद्ध लेख्ने, उहाँका समर्थकहरूले धम्की दिन थाले । मलाई नगर प्रमुखका समर्थकबाट आक्रमण पनि गरियो ।

स्वास्थ्य उपचारका लागि लाईनमा बसेको वेला पछाडीबारे आक्रमण भयो । आक्रमणमा संलग्न केहीलाई प्रहरीले पक्राउ गरेर कारवाही पनि गरेको पछि थाहा भयो ।

## ९. शिव धमला, टेलिकम कर्मचारी



म टेलीकमको कर्मचारी हुँ । नगर प्रमुख राईले लेखेको एउटा स्टाटसमा मैले *'हामी नेपाली यति मुर्ख छौं, विदेशी नागरिकलाई पनि भोट दिन्छौं । माओवादीले कारवाही गरेकालाई पनि भोट दिन्छौं ।'* कमेन्ट गरे । प्रमुख राईलाई पहिले नक्कली माओवादी भनेर कारवाही गरिएको थियो । कारवाहीको कुरा कमेन्टमा आएपछि उहाँलाई मन परेन । मन नपरेपछि कार्यालय प्रमुख सहित मलाई पनि कार्यालय चिया खान आउनु भन्नुभयो । हामी गयौं । २०८० माघ तिरको कुरा हो । उहाँले स्टाटसमा गरेको कमेन्टका विषयमा कुरा गर्न थाल्नु भयो । मैले कमेन्टको जवाफ दिन्छु । चित्त नबुझे कानुनी प्रकृयता जानु भनेर मैले उहाँलाई भनैं । त्यसपछि उहाँले कमेन्ट हटाउन भन्नुभयो । मैले मानिन् । त्यसपछि धरान बस्न मन छ की छैन भनेर धम्की दिनुभयो । मैले उहाँले भनेको कुरा मानिन । पछि मेरो कार्यालय प्रमुखलाई त्यो कर्मचारीलाई कारवाही भयो की भएन भनेर सोध्नु भएछ । सरले मेरो कर्मचारी हो तँपाईले भन्ने वित्तिकै मैले कारवाही गर्नुपर्ने भन्नु भएछ । त्यसपछि फोन आएन । प्रमुख राईले सामाजिक सञ्जालमा लेखेर मात्रै धम्की दिने हो । सामाजिक सञ्जालमा जथाभावी लेख्ने बानी ठिक छैन ।

## १०. मातृका नेपाल, पत्रकार



नगर प्रमुख राईसँग मेरो व्यक्तिगत टकराव छैन । मलाई व्यक्तिगत रुपमा धम्की पनि आएको छैन । तर उहाँले मेरो अनलाईनलाई हेपेर 'कुप्री न्युज' भनेर सामाजिक सञ्जालमा लेख्ने गरेका छन् । पहिले उहाँले कपुरी न्युज भनेर संवोधन गर्नुहुनथ्यो । नगरका गलत कार्य, विसंगतीहरू अनलाईनमा आउन थालेपछि अनलाईनको नाम विगारेर लेख्न थाल्नु भएको हो । कुप्रीले राम्रो लेखेन, मेरो अर्न्तवार्ता लिन आएन । झोले मिडिया हो भनेर लेख्ने गरेका छन् । उनले त्यसरी लेख्न थालेपछि  समर्थकहरूले धेरै रिपोर्ट गरेर पेज नै नखुल्ने बनाउने गरेका छन् । पेजमा रिपोर्ट धेरै जनाले रिपोर्ट गरेपछि ५-६ महिना सम्म नखुल्ने समस्या छ । नगरको वेरुजूको समाचार अनलाईनमा आएपछि लिंक नै नखुल्ने बनाईदिए । धेरै रिपोर्ट गरेर भिजिटरहरू घटाईदिने काम भएको छ । प्रमुख राईको समाचार आउन वित्तिकै एकै पटक १०-१५ जनाले रिपोर्ट गरिदिने र शेयर गर्ने वित्तिकै पेज नखुल्ने, सस्पेन्स गरिदिने, शेयर गरेको समाचारमा भ्युज नआउने समस्या छ । पहिले नगर प्रमुख हुनु अघि राम्रो थियो प्रमुख भएपछि उहाँमा घमन्ड धेरै बढेको छ ।

## ११. खिलानाथ बिक, पीडित पत्रकार



जति बेला हर्कराज राई सडकमा लाईट बालेर पत्रकार खोज्दै हिडेको भन्नु हुन्थ्यो त्यो बेलादेखि मैले उहाँका समाचार लेख्दै आएको छु । जबश्रमदान सुरु गर्नु भयो त्यसको प्रकृया ठिक छैन, व्यक्तिले सहयोग लिन मिल्दैन भनेर समाचार लेखेपछी हातखुट्टा भाच्ने, ज्यान मार्ने र टाउको काट्ने धम्की आउन थाल्यो । मैले समाचार लेखेको पत्रिका बहिस्कार गरियो । उनको कारण कार्यपालिका बैठक बस्न सकेन, त्यस बारे प्रश्न गर्दा दलको झोले पत्रकार भन्ने आरोप लगाउनु भयो । मेयर राई जिउ छाडेर लाग्नु हुन्छ हामी त्यसको प्रतिवाद गर्न सक्दैनौं । धरानको खानेपानी सुद्ध नभएको समाचार लेख्दा धेरै धम्की आएपछी हामी आन्दोलित हुनु पर्यो । स्थानीय संचार माध्यममा समाचार आएपछीको

धम्कीमा कम चासो हुँदो रहेछ । मेरो घर भोजपुर हो बुबाममी सामाजिक सञ्जाल पढ्नु हुन्न । पढ्ने भएको भए मेयर राई र उनका समर्थकको धम्की देखेर मलाई उतै बोलाउनु हुन्थ्यो ।

## १२. भैरब आङ्ला, पत्रकार

गोपाल दाहालले खोज पत्रकारिता केन्द्रका लागि लेखेको समाचार सार्वजनिक भएपनि मेयर राईले त्यत्ती चासो लिनु भएको थिएन । त्यो समाचारलाई जनकऋषि राईले युट्युवमा समाचार बनाएपछी बढी चर्चा भयो र धम्कीहरू आएको देखियो । पत्रकार बीच समन्वय हुन नसक्दा पत्रकार महासंघ र धरान उपमहानगर बीच दुरी बढेको छ । अनलाईन मिडिया एशोसिएशन नेपालमा आवद्ध ४० जनाजति पत्रकार मेयरको समाचारका लागि हिड्छन् । प्रेस स्वतन्त्रता दिवसमा पत्रकार महासंघ र एशोसिएशनका दुई वटा ऱ्याली धरानमा निस्किएका थिए । पत्रकार महासंघका साथीहरूले एशोसिएशनका सदस्यलाई ‘युट्युबे’ भन्ने गरेकाले दुई संस्था बीच तालमेल छैन । पत्रकार र मेयर बीचको समस्या समाधान पत्रकार महासंघको अगुवाईमा हुनु पर्छ ।

## १३. महेशश्रेष्ठ, अध्यक्ष, नेवार एकता समाज केन्द्रीय समिति



जातीय समस्या बढाएर शक्तिको रुपमा मेयरले उपभोग गरिरहेका कारण धरान सहरनै आतंकित बनेको छ । अवैज्ञानिक काम गरेपनि भिडका कारण धरानबासी त्यसलाई सही हो भन्ने बाध्य छन् । तिनै भिडका कारण यो सहरका बुद्धिजिवी पनि बोल्न सक्ने अवस्थामा छैनन् । समाचार लेख्ने पत्रकारलाई सामाजिक सञ्जालबाट आक्रमण हुदैछ, भौतिक आक्रमणको डर छ । बगरमा पार्क बनाइन्छ अर्को वर्ष रहन्छ कि रहन्न । त्यसको समाचार लेख्ने पत्रकारलाई मार्ने धम्की आउँछ । पत्रकारका परिवार आतंकित छन् । युट्युवको कमाई बढी हुने भएकाले पत्रकार बीच मै एकता कम भएको छ । धरानको राष्ट्रिय मुद्धामा नागरिक समाज, पत्रकार र वकिलनै डराएका छन् । मेयर राईका कारण नमुना सहर धरान अब नकारात्मक नमुना सहर बन्दै गएको छ ।

## १४. वीरेन्द्र बस्नेत, अध्यक्ष सुनसरी बार



पत्रकारले जायज विषय उठाएका छन् । श्रमदानका दाममा उठाइएको पैसा भ्रष्टाचारमा परिणत हुनसक्ने आधार हुन्छ । पत्रकारले कानुनी लडाई लड्न दलको समर्थन चाहिन्छ । मेयर राईका कारण हामीलाई धरानको मान्छे भन्न लाज लाग्न थालेको छ । मयेर र तिनका समर्थकले दिएको धम्की बारे कानुनी उपचारका लागि पत्रकार महासंघ र बार एशोसिएशन बीच छलफलपनि भएको छ । मुद्धा हाल्नका लागि कानुनविद्धसँग छलफल गर्नु पर्छ । मेयरले गरेका गतिबिधि सम्बिधान सम्बत नभए सर्बोच्च अदालतबाट ऐन खारेज गराउनु पर्छ । मेयरले एकतन्त्रीय अधिकार राखेका छन् त्यसलाई नियन्त्रण गर्न संघीय संसदले ऐन संसोधन गर्नु पर्छ । स्थानीयतह ऐन संसोधन जरुरी छ ।

## १५. श्याम पोखरेल, सभापति नेपाली कांग्रेस धरान



मेयर राईले समाचार लेखेका विषयमा पत्रकारलाई आक्रमण गरेपछी सर्वदलीय विज्ञप्ति निकाल्यौं । दलबाट गएका कार्यपालिका सदस्यहरू नगरपालिका भित्र गएपछि मेयरका अगाडी बोल्न सक्दैनन् । उनले बिधि बिरुद्ध उपमेयरलाई कार्यवाहक नदिएर वडा अध्यक्षलाई दिए । मैले उनको हर्कत बिरुद्ध आवाज उठाउँदै आए जस्तो अरु दलले पनि बोल्नु पर्छ । मेयरको समग्र नियत खराब छ । डिप्रेशनको औषधि खान्छन् भन्ने सुनेको छु । राति मादक पदार्थ सेवन गरेर सामाजिक सञ्जालबाट गाली गर्ने गरेका छन् । देशको कानुनले उनलाई छोएको देखिदैन । उनीबाट मुक्ति पाउन आगामी निर्वाचनमा ठुला दलले उनी बिरुद्ध साझा उमेदवार बनाउनु आवश्यक छ ।

## १६. मनोज मेन्याङ्बो, पूर्व मेयर धरान



उहाँले कल्पनै नगरेको उपलब्धि पाएकाले मेयर राई हौसिएर मनोमानी ढंगले हिंड्नु भएको छ । समाचार लेख्ने र सामाजिक सञ्जालमा प्रतिकृया दिनेलाई मेयरका सर्थकबाट आक्रमण नै हुन्छ । उनका पछी लागेर मासुभात खाने दुई सय जनाजति मानिस छन् । ति बाहेक उनका समर्थक खुलेर आउने छैनन् । उनका हरेक काम र हर्कत कानुन बिपरित छन् । दलका नेतालाई चोर, डाका र फटाहा भन्ने गरेकाले पनि इमान्दारहरू उनी बिरुद्ध बोल्दैनन् । अन्तिम निर्णय मेयरले गर्ने कार्यबिधि धरानमा पहिलेनै बनेकाले उनले कार्यपालिकाको सहमति माग्दैनन् । यस्तो निरंकुश र अप्रजातान्त्रिक बिधि बनाउनै हुदैन थियो । मेयर बिरुद्धपनि अविश्वासको प्रस्ताव र महाअभियोगको कानुन ल्याउनु पर्यो । फजुल खर्च घटाएर निती कार्यक्रममा लाग्न मैले सुझाव दिएको थिएँ, उनी मै तिर खनिए । श्रमदान गरेर एक करोडको काम गरेको भन्छन् । तर, सहयोगमा १८, २० करोड प्राप्त भएको देखिन्छ । अडिटको प्रश्न उठ्दा पिण्डेश्वर र पशुपतिको भेटीको उदाहरण दिन्छन् । मेयर राईलाई जतिखेरपनि अख्तिया र हत्कडी लाग्ने अवस्था छ ।

## १७. नगर प्रमुख राईका धम्कीपूर्ण स्टाटसहरू







Harka Sampang A Revolution
3m
भोलिको १० बजेको पत्रकार भेटमा मलाई आरोप लाउने त्यो खोज पत्रकारिता गर्ने पत्रकार पनि आउनु होला ! नत्र तैँ मूलाको यस्तो बेइज्यत गर्छु कि शीर ठाडो पारेर हिँड्न सक्दैनस नेपालमा ! जनक ऋषि भन्ने पनि आउनु ! निक्कै फुरफुर गरिस तिमेरुले ऐना हेर्दा थुक्ने बनाइन्छु भने मेरो नाम हर्क साम्पाङ होइन !
489
68 comments 3 shares
Like
Comment
Send
Share


Harka Sampang A Revolution
17m
Online Media Association मा आवद्ध पत्रकारहरुलाई "पत्रकार होइनन्" भन्ने तिमी चाहिँ को हौ ? एउटा पत्रकारले अर्को पत्रकारलाई स्वीकार्न गर्न नसक्नेलाई समाजले पत्रकार भन्न सक्दैन !
412
47 comments 3 shares



Harka Sampang A Revolution
2h
ती गुइँठे पत्रकारहरुले कति दिन श्रमदान गरे र कति पैसा सहयोग गरे ? कि भ्या भ्या मात्रै गरे ? पार्टीका भेडाहरु !
1.5k
278 comments 12 shares


जस्ले जे सोच्नु सोच्दा हुन्छ तर प्रेस स्वतन्त्रता भन्दै पार्टीगत गुण्डागर्दीको नयाँ स्वरुपमा जथाभावी असन्तुलित र असत्य समाचार बनाउने पत्रकार भनाउँदाहरुलाई नाङ्गोझार बनाएर छोड्नु पर्छ ताकी कसैले त्यस्तो दुष्साहस नगरून् !


Harka Sampang A Revolution
10h
चोरफटाहागधाहरुलाई शीर उठाउन दिनु हुन्न है नेपाली हो... अब त यही हो पारा ! सज्जन र इमानदारहरुको दव्दवा हुनु पर्छ !

## १८. नगर प्रमुख राईका समर्थकका धम्कीपूर्ण म्यासेज तथा स्टाटसहरू












Sushil Gurung
You aren't friends on Facebook
1 mutual friend: Nags Rai
View Profile
End-to-end encrypted
Messages and calls are secured with end-to-end encryption. Learn more
4 DEC AT 10:07 PM
Dahal ji ta saano saano CID nai rahecha ta!!! Kai well done bhanu ki kye bhanu!! Maya lagera aayo! Afnai rahar lye ho ki aru ko dabab ma lkheko hola


Yugesh Subba
View Profile
End-to-end encrypted
Messages and calls are secured with end-to-end encryption. Learn more
8 DEC AT 9:04 AM
toimug. hoss
harka sampang lai arop lagaune
randiko xoro kahteko baan bahum vete vane lado katidinxu mug desko dhamira bahun haru dess xod mug


Neeraz Bartang Bantawa
You aren't friends on Facebook
2 mutual friends: Mira Rai and Saroj Khaptadi Basnet
Also member of MISS RAI 2012
View Profile
End-to-end encrypted
Messages and calls are secured with end-to-end encryption. Learn more
13 DEC AT 7:56 AM
Randi ko baan
Neeraz replied to your story
No longer available
Randi ko baan
Neeraz replied to your story
No longer available
Euta kalanka Dharan ko


हर्क सम्पाङ समर्थक ग्रुप
1d
तेरिमा फटा पत्रकार गोपाल दाहाल पार्टिको दलाल जे पाए त्योइ समाचार बनाउचस, अनि ग्रिहामन्त्रिलाइ बचाउ भन्दै खुट्टा ढोग्न जान्चस।लाज पचेको पत्रकारहरु।आफुले जाने जाने गल्ति गर्ने, अनि १२ हात उफ्रने?थुक्का धर्तिको बोजहरु।तेरो बाउले निति नियम पुराएर ३५ बर्ष सम्म पनि मेलम्चि पानि ल्याउन सकेको छैन।अहिले आएर किन भुक्नु पर्यो? हर्क सम्पाङ ले पानि ल्याएको तैले पनि पिउचस त जाठा।किन ... See more
तेरिमा फटा पत्रकार गोपाल दाहाल
जे पाए त्योइ समाचार बनाउचस अनि
ग्रिहामन्त्रिलाइ बचाउ भन्दै खुट्टा ढोग्न जान्चस
लाज पचेको पत्रकारहरु।आफुले
जाने जाने गल्ति गर्ने अनि
१२ हात उफ्रने?
थुक्का धर्तिको बोजहरु
59
33 comments 14 shares
Like Comment Send Share



हर्क सम्पाङ समर्थक ग्रुप
Reels · 4h

जन्ताहरु पनि यति सम्म रिसायोकि😡।यो पार्टिको गलत समचार बनाउनेहरुको मासु काटेर खान्छु भनेका छन👍 ।अब सबै जना जन्ताहरु एक्झुट भएर जत्ति पनि पार्टिको झोले पत्रकार हरुको किमा बनाएर मोमो बनाएर खानु पर्छ🙏 ।सबै असल जन्ताहरु एक्जुट हौ🙏 ।धन्यबाद🙏 ।

#everyone #followforfollowback #KantipurTVHD #kirtipurmunicipality #KantipurNews #... See more





Asok Kharel
6m ·

रात लाई दीन देख्ने, दीन लाई रात देख्ने कमीशन खोरी पत्रकार ! जवाना पुरानो छैन , यो जवाना त डिजीटल इस्मार्ट सत्ते तथ्य बेलामै छुट्टाउन सकीने जवाना हो , मान्छेको अनुहार परेको तर पसु भन्दा महा पसु रछौ ! हैन इनीहरुको परिवार भित्र कुनै सत्ते मान्छे छैनन की कसो हो ? नत्र त सत्ते कुरा के हो सम्झाउन सक्नु पर्ने ! कस्तो गतीछाडा परीवार रछन ! धतुरो को बोटमा भाङ खोज्ने नलायक पसुहरु थुक्क थुक्क थुक्क •••

श्री इलाका प्रहरी कार्यालय धरान, सुनसरीमा पेश गरेको

निवेदन-पत्र

विषय :– मानिस झिकाई छलफल गराई आवश्यक कारवाही गरी शान्ति सुरक्षा गरीपाउँ।

लक्ष्मण राईको छोरा जि.सुनसरी धरान उ.म.न.पा.वडा नं.१७ साकेला पार्क बस्ने नेपाल पत्रकार महासंघ सुनसरीको अध्यक्ष वर्ष ४९ को जनकऋषी राई मो.नं.९८४०४६६०३६..................१
पुण्य बहादुर दाहाल खत्रीको छोरा जि.सुनसरी धरान उ.म.न.पा. वडा नं.१६ अन्नपुर्ण चोक बस्ने नेपाल पत्रकार महासंघको केन्द्रीय पार्सद वर्ष ४० को गोपाल दाहाल मो.नं.९८४२०५४०७५..१ } **निवेदक**

विरुद्ध

जि.सुनसरी धरान उप-महानगरपालिकाको नगर प्रमुख हर्कराज राई सम्पर्क नं.९८५२०४५६००..१
एकिन ठेगाना थाहा नभएको फेसबुक आईडीमा लेखक राई नाम गरेको नगर प्रमुख हर्कराज राईको समर्थक ..........................................................................................१ } **विपक्षी**

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौँ।

१. माथि उल्लेखित विरुद्ध खण्डमा लेखिएको विपक्षी मध्ये हर्कराज राई धरान उप-महानगरपालिकाको नगर प्रमुख पदमा कार्यरत हुनुहुन्छ। धरान नगर प्रमुख भएको नाताले उहाँ स्थानिय सरकार प्रमुख पनि हो र हामी नगरवासीका अभिभावक पनि हुनुहुन्छ। हामी निवेदकहरु मध्ये म गोपाल दाहाल खोजपत्रकार र हिमाल मिडियामा कार्यरत छु भने म जनकऋषी राई नेपाल पत्रकार महासंघ सुनसरीको अध्यक्षको रुपमा रहेको छु। यसैक्रममा म निवेदक गोपाल दाहालले मिति २०८१।०८।१४ गते गते खोजपत्रकारिता अनुसन्धानमा खोजमुलक समाचार प्रकाशन अन्तर्गत हिमाल खबर डटकममा छापिएको **हर्क साम्पाङको मौनमोजी शासन बेथितिको दलदलमा धरान** भन्ने शिर्षकमा प्रकाशित समाचार प्रति लक्षित गर्दै निज विपक्षी नगर प्रमुख हर्कराज राईले आफ्नो फेसबुक पेज **हर्क साम्पाङ अ रिभोलुसनमा** तथानाम गाली गलौज र अपशब्द प्रयोग गरी **चोर फटाहा, तेरो पत्रकारिताको अन्त्य गर्छु तँ मुलाको यसरी बेईज्जेत गर्छु की शिर ठाडो पारेर नेपालमा हिंड्न नसक्ने पारिदिन्छु भनी साथै तँ जनकऋषि राई पनि धेर फुरफुर नगर तिमिहरुलाई ऐना हेर्दै थुक्ने बनाईदिनेछु** भन्ने जस्ता अत्यन्तै अमानविय दुर्व्यवहारपुर्ण तथा अपाच्य शब्दहरु सामाजिक संजालमा राखी जिउ ज्यान माथी नै धावा बोली सिद्ध्याईदिन्छु भन्ने सम्मको धाकधम्की दिई अन्याय गर्नुभएको साथै नगर प्रमुख जस्तो जिम्मेवार व्यक्तीले आफ्नो पदिय मर्यादा र कर्तव्यलाई नै भुलि हामी समग्र पत्रकारहरुलाई साह्रै अन्यायमा पारेको हुँदा साथै निज विपक्षीका समर्थक लेखक राईले समेत गधा,फटाहा भनि तथानाम गाली गलौज गरी स्टाटस पोष्ट गरेको हुँदा निज विपक्षीहरुलाई यस कार्यालयमा अविलम्ब झिकाई आवश्यक छलफल गराई, आवश्यक कारवाही गरि, शान्ति सुरक्षाको प्रत्याभुती दिलाई न्याय ईन्साफ पाउन निजहरुले सामाजिक संजालमा पोष्ट गरेको स्टाटसको स्क्रिनसर्टको फोटोकपी समेत यसै साथ राखी सादर निवेदन गर्दछौं।

२. यसमा लेखिएको ब्यहोरा ठीक सांचो छ। फरक ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदक

जनकऋषी राई
सही

गोपाल दाहाल
सही

ईती सम्वत २०८१ साल मंसिर महिना २० गते रोज ५ शुभम ..........................................।

नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।०८।२०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका सुनसरीका अध्यक्ष जनकऋषि राई र महासंघका राष्ट्रिय परिषद् सदस्य गोपाल दाहाललाई समाचारको विषयलाई लिएर सुनसरीस्थित धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ (हर्कराज राई) ले सामाजिक सञ्जाल फेसबुकमार्फत स्टचाटस लेखर धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

खोज पत्रकारिता केन्द्र (खोपके) मा पत्रकार गोपाल दाहालले हर्क साम्पाङको बारे लेखेको समाचार प्रकाशित भएपछि प्रमुख साम्पाङले समाजिक सञ्जालमा 'खोज पत्रकारिता केन्द्रका गोपाल दाहाल या कोही प्रतिनिधि भोलि १० बजे धरान १८ को ग्रीन टीमा हाजिर हुनु । अन्यथा तेरो खोज पत्रकारिताको अन्त्य गरिनछु भने मेरो नाम हर्क साम्पाङ होइन ।' भनेर सामाजिक सञ्जालमा धम्कीपूर्ण स्टचाटस लेखेको जनाइएको छ ।

समाचारप्रति चित्त नबुझे त्यसउपर कानुनी प्रक्रिया जाने या प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने स्थापित प्रावधान छ । यसलाई बेवास्ता गर्दै सार्वजनिक पदधारी प्रमुखजस्तो जिम्मेवार व्यक्तिबाट गरिएको यो हर्कत अन्यन्त निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो ।

साम्पाङको यो अराजक र अशोभनीय हर्कतले पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउनुका साथै विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा समेत आघात पुग्ने महासंघको ठहर छ । महासंघ प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस किसिमका घटना दोहोरिन नदिने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org

# नेपाल पत्रकार महासंघ
**Federation of Nepali Journalists**
**कोशी प्रदेश समिति, विराटनगर**
**Koshi province committee, Biratnagar**

☎ ०२१-४६१८२८
email: *fnjprovince1@gmail.com*


प.सं.
च.नं.

मितिः २०८१।०८।२०


अध्यक्ष
लिलाबल्लभ घिमिरे
९८५२०२३४२२

उपाध्यक्ष
लवदेव ढुंगाना
९८५२६८०९००

उपाध्यक्ष
हिमाकुमारी चेम्जोङ
९८५२०५१०२५

महासचिव
विवेक गौतम
९८४२२९७५३५

सचिव
देवेन्द्र कार्की
९८५२०४७७७९

सचिव
सन्तोष यादव
९८५२०४६४२८

कोषाध्यक्ष
विमल लामिछाने 'बुद्धि'
९८४२६३३१९५

सदस्यहरू :
गोपालप्रसाद पोखरेल
९८५२८३५२२२
तोयानाथ भट्टराई
९८६२६२२६९०
ध्रुव भट्टराई
९८६२००४४४३
लिलाराज भ्रापाली
९८६२६१३१८८
सुरेन्द्र भण्डारी
९८५२६७९६२५
विनु तिम्सना
९८५२०३६०७४
माला पालुङ्वा
९८४२६६०११६
सुशीला पाठक
९८४२३२२७५५
पीबी दियाली
९८४२२७९०१८
विष्णु सुब्बा
९८५२६७०१३७
यमनकुमार दनुवार
९८४२९१६६००
प्रमोदकुमार यादव
९८४२१२५२२५
ब्रह्मदेव यादव
९८५२०३०२४८
लिलाबहादुर सुनुवार
९८५२८४०७३६


नेपाल पत्रकार महासंघ
कोशी प्रदेश समिति
Koshi Province Committee
Federation of Nepali Journalists

## प्रेस विज्ञप्ति

सुनसरीको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज साम्पाङले समाचार लेखेकै आधारमा पत्रकारमाथि गरेको गालीगलौज र धम्कीप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । महासंघ सुनसरी शाखाका सदस्य तथा केन्द्रिय परिषद् सदस्य गोपाल दाहालले खोज पत्रकारिता केन्द्रको सहयोगमा धरानमा बढेको बेथितिविरुद्ध लेखेको समाचारको विषयलाई लिएर प्रमुख साम्पाङले सामाजिक सञ्जाल फेसबुकमार्फत धम्कीपूर्ण गालीगलौज गर्नु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी गैरकानुनी हर्कत हो ।

धरानका प्रमुख साम्पाङले आफ्नो आलोचनामा समाचार लेख्ने पत्रकारलाई लामो समयदेखि अशिष्ट र अमर्यादित भाषा प्रयोग गर्दै गाली बेइज्जती गरिरहेका छन् । पछिल्लो समयमा पत्रकार दाहालसहित नेपाल पत्रकार महासंघ सुनसरी शाखाका अध्यक्ष जनकऋषि राईलक्षित गालीगलौज र धाकधम्की त्यसकै निरन्तरता हो । अझ साम्पाङकै उक्साहटमा उनका समर्थक भनिनेहरुले महासंघ अध्यक्ष राईको तस्वीर राखेर श्रद्धाञ्जली लेख्ने जस्ता अपराधिक र घृणित हर्कत गरिरहेको पाइएको छ ।

स्थानीय सरकारको प्रमुखले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षमा काम गर्नुपर्नेमा त्यसलाई खुम्च्याउने, पत्रकारलाई गालीगलौज र धाकधम्की दिने तथा समर्थकहरु परिचालन गरेर पत्रकारलाई असुरक्षित बनाउने हर्कत गरिरहेका छन् । संविधान तथा कानुनको उल्लंघन गर्दै साम्पाङ र उनका समर्थकहरुले गरिरहेको अपराधिक हर्कतलाई नियन्त्रण गर्न, निजहरुमाथि साईबर अपराध र गालीबेइज्ज्ती मुद्दामा कार्वाही चलाउन तथा पत्रकारलाई स्वतन्त्रतापूर्वक समाचार लेख्ने वातावरण निर्माण गर्न सरकारसहित सबै सरोकारवालासँग आग्रह गर्दछौं ।

विवेक गौतम
महासचिव

# नेपाल पत्रकार महासंघ

सुनसरी शाखा

प. सं. :-

च.नं. :-

मिति २०८१/०८/१९ गते


जनकऋषि राई
(अध्यक्ष)
९८४०४६६०३६
गणेश निरौला
(उपाध्यक्ष)
९८५२०७९०६१
उषकिरण भट्टराई
(महिला उपाध्यक्ष)
९८६२२८२९१९
ध्रुव ढकाल
सचिव
९८५२०५७५३१
तिर्थ कार्की
सह-सचिव (खुल्ला)
९८४२१७०८०६
भोला श्रेष्ठ
सह-सचिव (समावेशी)
९८५२०६५४०९
अजित कुमार झा
कोषाध्यक्ष
९८५२०४११०९
सदस्यहरु
सुस्मिता राई
९८१०४८७१३६
संगम विष्ट
९८१९०५८४८२
सुकान्त राई
९८४२०३८७२३
निश्चल शर्मा
९८४२०७६१६२
दिपेन्द्र कुमार यादव
९८५१०३७४९७
विवेक रेग्मी
९८०२७२७३२७
राम ब. कटुवाल (आर.बी)
९८५२०५९८६८
शान्ता निरौला
९८४२०८१३६०
सदस्य (जनजाती)
पारस राई
९८६०८४२५४७
सदस्य (महिला)
देविका चाम्लिङ
९८६४६८७१०
सदस्य (दलित)
सुविन विश्वकर्मा
९८०८२३९६५०
सदस्य (मधेसी)
विरेन्द्र कुमार शाह
९८५२०४१०५१
मह्मद मिकाईल
९८४८६४४३६८


## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ सुनसरी शाखा अध्यक्ष जनकऋषि राई र केन्द्रिय पार्षद गोपाल दाहाललाई धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले सामाजिक सञ्जाल मार्फत धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघ जिल्ला शाखाको गम्भीर ध्यानाकर्षण भएको छ ।

पत्रकार दाहालले खोज पत्रकारिता केन्द्रका लागि तयार गरेको मेयर साम्पाङ्को विषयको समाचार प्रकाशन भएको विषयलाई लिएर उनकै पेज "हर्क साम्पाङ ए रिभुलसन" मार्फत भोलि १० बजेको भेटमा आउनु नत्र बेइज्जत गरेर शीर ठाडो पारेर हिड्न दिने छैन् भनेर धम्क्याउनु सार्वजनिक निकायको गरिमामय पदमा बहाल मेयरबाट पत्रकारमाथि यस किसिमको व्यवहार हुनु आफैंमा निन्दनीय र लज्जास्पद हर्कत हो । यो घटना संविधानले सुनिश्चित गरेको पत्रकार अधिकारमाथिको ज्यादती हो । महासंघ जिल्ला शाखा पत्रकारको संवैधानिक सुनिश्चितताको सम्मान गर्न र निर्वाध रुपमा सञ्चारकर्ममा जुट्ने वातावरण बनाउन माग गर्दछ ।

ध्रुव ढकाल
सचिव

मिति : २०८१।०८।१९

## संयुक्त प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ सुनसरी शाखा अध्यक्ष जनकऋषि राई र पत्रकार गोपाल दाहाललाई धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ्ले सामाजिक सञ्जालमार्फत धम्क्याएको घटनाप्रति सुनसरीमा क्रियाशिल सबै पत्रकारहरुको संघ संगठनको गम्भीर ध्यानाकर्षण भएको छ।

पत्रकार दाहालले खोज पत्रकारिता केन्द्रका लागि तयार गरेको मेयर साम्पाङ्को विषयको समाचार प्रकासन भएको विषयलाई लिएर उनकै पेज 'हर्क साम्पाङ ए रिभुलसन' मार्फत भोलि १० बजेको भेटमा आउनु नत्र बेइज्जत गरेर शीर ठाडो पारेर हिड्न दिने छैन् र भनेर धम्क्याउनु सार्वजनिक निकायको गरिमामय पदमा बहाल मेयरबाट पत्रकारमाथि यस किसिमको व्यवहार हुनु आफैंमा निन्दनीय र लज्जास्पद हर्कत हो। यो घटना संविधानले सुनिश्चित गरेको पत्रकार अधिकारमाथिको ज्यादती हो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता माथिको ज्याजती हो।। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चितताको सम्मान गर्न र निर्वाध रुपमा सञ्चारकर्ममा जुट्ने वातावरण बनाउन माग गर्दछ।

तिर्थ कार्की
प्रेस सेन्टर सुनसरी
अध्यक्ष

शुभद्रा प्याकुरेल
प्रेस चौतारी सुनसरी
अध्यक्ष

ध्रुव ढकाल
प्रेस युनियन सुनसरी
अध्यक्ष

मिति : २०८१/०८/२६

# प्रेस विज्ञप्ती

नेपालको संविधान २०७२ ले प्रदान गरेको मौलिक हक अन्तर्गत रहेर कुनै पनि व्यक्तिले आफ्नो विचार विवेक प्रयोग गरी कुनै पनि पार्टीलाई मतदान गर्ने अधिकार प्रदान गरेको छ। संविधानले नै प्रेस स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता हरेक नागरिकलाई प्रदान गरेको छ। त्यसमा पनि संचार क्षेत्रले हरेक नागरिकको अभिव्यक्तिको स्वतन्त्रतालाई स्थापित गरिदिएको छ। नागरिकको सुचना पाउने अधिकारलाई कार्यान्वयन गर्दै लेखिएको समाचारकै आधारमा झोले पत्रकारको संज्ञा दिनु संविधान माथि नै ठाडो चुनौती हो। संचारकर्मी पनि यो देशका नागरिक हुन्। नागरिकको हैसियतमा कुनै दल वा राजनितिक पार्टी प्रतिको आस्था, वैचारिक समर्थन गर्नु उनीहरुको पनि अधिकार हो। नागरिकको अधिकारलाई कुण्ठित गर्दै समाचार लेखेकै आधारमा धरानका संचारकर्मी माथि धरान उपमहानगरपालिकाका नगर प्रमुख हर्कराज राईले दिदै आएको अभिव्यक्तिहरु प्रति धरानका राजनितिक दलहरु दुःख व्यक्त गर्न चाहन्छ।

धरानका पत्रकार गोपाल दाहालले खोज पत्रकारिता मार्फत लेखिएको "हर्क साम्पाङको मनमौजी शासन, बेथितीको दलदलमां धरान" भन्ने शिर्षकको हिमाल खबरमा छापिए पछि धरान उपमहानगरपालिकाका नगर प्रमुख राईले पत्रकार महासंघ सुनसरीका अध्यक्ष जनकऋषि राईलाई समेत जोड्दै महासंघको केन्द्रिय पार्षद गोपाल दाहाललाई सामाजिक संजाल मार्फत धम्काएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। यस गम्भिर विषय उपर धरानका राजनितिक दलहरु मुकदर्शक भएर बस्न र टुलुटुलु हेरिरहन सक्दैन।

कुनै पत्रकारले लेखिएको समाचारमा जो कसैको चित्त नबुझेमा सो छानबिन र सत्य तथ्य बुझ्न प्रेस काउन्सिल नेपाल, संचार मन्त्रालय जस्ता राज्यका सरोकारवाला निकाय हुँदा हुँदै एउटा स्थानीय सरकार प्रमुख जस्तो व्यक्तिले समाचार लेखेकै भरमा सामाजिक संजाल मार्फत धम्काउने थर्काउने र आफ्ना समर्थकबाट राज्यको चौथो अंगको रुपमा रहेका मुलधारका संचारकर्मीलाई तल्लो स्तरको धम्की दिन लगाउने जस्ता अमानवीय, घृणित र लोकतन्त्र र संविधान विपरित गरिएका यस्ता घटनाको हामी घोर निन्दा र भर्त्सना गर्दछौं।

मुलुकका हरेक परिवर्तनका आन्दोलनमा अग्रपंक्तिमा रहने संचारकर्मीहरुलाई तेजोबध गरेको राजनितिक दलहरुलाई पाच्य हुन सक्दैन। तसर्थ धरान उपमहानगरपालिकाको नेतृत्वलाई आफ्नो कार्यकाल भरि होस नगुमाईकन पदीय मर्यादामा रही कार्य गर्न समेत हामी सचेत गराउँदछौं। साथै

संचारकर्मी माथि भएका यस्ता खाले धाकधम्कीबाट कति पनि विचलित नभई सत्य तथ्य समाचार प्रकाशनमा तपाईहरुको साथमा धरानका सम्पुर्ण राजनितिक दलहरु रहेको विश्वास दिलाउन चाहन्छौं

स्थानीय प्रमुख जस्तो व्यक्तिले संचारक्षेत्र प्रतिको अभिव्यक्ति, समर्थकहरु मार्फत गरिने धाकधम्की पुर्ण व्यवहारहरु बन्द गर्दै नेपाल पत्रकार महासंघ सुनसरी संग समन्वय गर्दै स्थानीय सरकार र संचारकर्मी सँग सुमधुर सम्बन्ध कायम गरि धरानको समग्र विकाश र समृद्धिको लागि भएका सामुहिक प्रयासहरुको सन्देश प्रवाह गर्न र गराउन हामी हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| १. श्री हर्कजंङ एभेङ | अध्यक्ष, नेकपा एमाले, धरान |
| २. श्री श्याम पोखेल | सभापती, नेपाली काङ्ग्रेस, धरान |
| ३. श्री मनोज भट्टराई | अध्यक्ष, नेकपा (माओवादी केन्द्र), धरान |
| ४. श्री ताजुव लिम्बु | अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल, धरान |
| ५. श्री रेवतीरमण राई | अध्यक्ष, नेकपा (एकीकृत समाजवादी), धरान |
| ६. श्री अर्जुन खड्का | उपाध्यक्ष, नागरिक उनमुक्ति पार्टी, धरान |
| ७. श्री मोहन प्रसाद तिगेला | अध्यक्ष, सलोराम संघिय लिम्बुवान मञ्च, धरान |

L



*नगर प्रमुख साङपाङबाट असुरक्षित भएको भन्दै सुनसरीका पत्रकारले गृहमन्त्री रमेश लेखकलाई ज्ञापन पत्र बुझाउँदै । २०८१ मंसिर २१*



*नगर प्रमुख साङपाङबाट असुरक्षित भएको भन्दै सुनसरीका पत्रकारले तत्कालिन सुनसरी प्रजिअ हुमकला पाण्डेलाई ज्ञापन पत्र बुझाउँदै । २०८० वैशाख २९*

# नेपाल पत्रकार महासंघ

सुनसरी शाखा

प. सं. :-

च.नं. :-

मिति.....................

जनकऋषि राई
(अध्यक्ष)
९८४०४६६०३६
गणेश निरौला
(उपाध्यक्ष)
९८५२०७१०६१
उषकिरण भट्टराई
(महिला उपाध्यक्ष)
९८६२२८२९१९
ध्रुव ढकाल
सचिव
९८५२०५७५३१
तिर्थ कार्की
सह-सचिव (खुल्ला)
९८४२१७०८०६
भोला श्रेष्ठ
सह-सचिव (समावेशी)
९८५२०६५४०९
अजित कुमार झा
कोषाध्यक्ष
९८५२०४११०९
सदस्यहरु
सुस्मिता राई
९८१०४८७१३६
संगम बिष्ट
९८११०५८४८२
सुक्रान्त राई
९८४२०३८७२३
निश्चल शर्मा
९८४२०७६१६२
दिपेन्द्र कुमार यादव
९८५१०३७४९७
बिबेक रेग्मी
९८०२७२७३२७
राम ब. कटुवाल (आर.बी)
९८५२०५१८६८
शान्ता निरौला
९८४२०८१३६०
सदस्य (जनजाती)
पारस राई
९८६०८४२५४७
सदस्य (महिला)
देविका चाम्लिङ
९८६४६८७१०
सदस्य (दलित)
सुबिन बिस्वकर्मा
९८०८२३१६५०
सदस्य (मधेसी)
बिरेन्द्र कुमार शाह
९८५२०४१०५१
महमद मिकाईल
९८४८६४४३६८

मिति ०८१ मंसीर २१

माननीय गृहमन्त्रीज्यू

गृह मन्त्रालय, नेपाल सरकार, काठमाडौं, नेपाल ।

**विषय-ध्यानाकर्षण गराइएको बारे ।**

नेपालको राजनीतिक व्यवस्था परिवर्तनमा मुख्य भूमिकामा पत्रकारिताको पनि रहेको विषय सबैलाई थाहा भएकै हो । घोषित वा अघोषितरुपमा पत्रकारिताले राज्यको स्थायी प्रतिपक्षीको भूमिका खेलिरहेको छ । नेपालको संविधान ०७२ ले आफ्नो प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' को निश्चितता गर्दै मौलिक हकअन्तर्गत विचार अभिव्यक्तिको स्वतन्त्रता दिएको छ । पत्रकारहरुले नेपालको संविधानको यही भावनालाई आत्मसाथ गर्दै खबरदारी गरिरहेको छ । तर, आफ्नो भूमिका निर्वाह गर्ने क्रममा पत्रकारहरुमाथि पदीय मर्यादामा बसेका पदाधिकारीहरुबाट आक्रमण भइरहेको छ, जुन दुखद विषय हो ।

भर्खरैमात्र धरान उपमहानगरपालिकाका नगरप्रमुख हर्कराज राईले पत्रकारहरुप्रति समाजिक सञ्जालमार्फत धम्की दिएको विषय माननीय गृहमन्त्रीसमक्ष अवगत गराउँछौं । खोज पत्रकारिता केन्द्रको हिमाल खबरमा 'हर्क साम्पाङको मनमौजी शासन, बेथितिको दलदलमा धरान' भन्ने शिर्षकमा छापिएको विषयलाई लिएर पत्रकार गोपाल दाहाल र जनकऋषि राईलाई दिएको धम्कीले सिङ्गो पत्रकारिता क्षेत्रलाई आतङ्कित पारेको जानकारी गराउन चाहन्छौं । नगर प्रमुखको पदीय मर्यादामा रहेको व्यक्तिले समाजिक सञ्जाल प्रयोग गरि ज्यान मार्ने आसयको धम्की दिएर समाजमा आतङ्क फैलाइरहेको विषयमा गृह मन्त्रालयको ध्यानाकर्षण गराउँछौं ।

कानुनविपरित व्यक्ति वा समुदायलाई आतङ्कित पार्ने पदीय मर्यादामा जोसुकै भए पनि कानुनी नियन्त्रणमा आउनु पर्ने र सजायको भागिदार हुनुपर्छ भन्ने कुरामा नेपाली पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासङ्घ दृढ छ । तसर्थ, समाजमा अराजकता र आतङ्क फैलाउने धरान उपमहानगरपालिकाका नगरप्रमुख हर्कराज राईलाई नियन्त्रणमा लिन गृहमन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छौं ।

अध्यक्ष

जनकऋषि राई

**घरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**DHARAN SUB-METROPOLITAN CITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
सुनसरी, कोशी प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

पत्र संख्या ४०८१/८२ ............ महाशाखा / शाखा / उपशाखा मिति: २०८१/०८/२३
चलानी नं :- ३४६४ नेपाल सम्वत: ११४५ थिंलाथ्व ७ आइतवार

माननीय गृह मन्त्रीज्यू,
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।

विषय: <u>ध्यानाकर्षण।</u>

उपर्युक्त सम्बन्धमा यहि मिति २०८१/०८/१४ गते हिमालखबर खोज पत्रकारिता केन्द्रका गोपाल दाहाल नामको व्यक्तिले धरान उपमहानगरपालिकाको मेयर हर्कराज राई अर्थात मैले नक्कली माओवादी बनेर चन्दा असुलेको भन्ने भ्रामक झुटो समाचार प्रकाशन गरी मेरो चरित्र हत्या गर्ने प्रयास गरेको र सोही झुटो समाचारलाई सामाजिक संजालमा पोष्ट गर्दै भ्रम फैलाउने कृत्य गर्दै हालको पत्रकार महासंघ सुनसरीको अध्यक्ष जनक ऋषी भन्ने व्यक्तिले दुष्प्रचार गर्न सहयोग गरेकोले दुवैलाई कानून मुताबिक कारवाही गरी लोकतन्त्रमा नागरिकको मताधिकार र जनादेशबाट निर्वाचित नगर प्रमुख जस्तो पदलाई अपमान र अनादर गरी भ्रम फैलाउने र मानहानी गरि प्रेश स्वतन्त्रताको नाममा पार्टीगत आग्रह पूर्वाग्रह राखी लोकतन्त्रलाई नै निकृष्ठ र बदनाम गर्ने आपराधिक, असामाजिक, अमर्यादित कृत्य र त्यसबाट हुन जाने विकृतिलाई रोक्न आवश्यक कदम चालियोस् भन्ने अनुरोध छ।

देशकै शान्ति, सुरक्षा र सुशासनको जिम्मेवारीमा रहनु भएको गृहमन्त्रीबाट प्रेस स्वतन्त्रताको नाममा व्यक्ति र पद दुवैको मानहानी हुने गरी निराधार, भ्रामक र सामाजिक शान्तिमा खलल् ल्याउने किसिमको समाचार बनाउने र दुष्प्रचार गर्ने दुवैलाई पार्टीगत आवद्धता नहेरी नसम्झी निष्पक्षरुपमा कारवाही होस् ताकी म जस्तो दिनरात जनताको सेवामा लागिरहने घोटिइरहने जनप्रतिनिधिहरुले निर्वाधरुपमा काम गर्न सकियोस् अन्यथा देशको भलो कहिल्यै हुने छैन्।

आशा छ तपाई जनताको मर्म बुझ्नु हुन्छ होला। पार्टी भन्दा ठुलो हुन्छ देश। हो त्यही देशको जनताको अभिमत पाएका हामीले देशलाई बिर्सनु हुँदैन। धन्यवाद।।।

<u>बोधार्थ</u>
श्री कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर, नेपाल।
श्री जिल्ला प्रशासन कार्यालय, ईनरुवा
श्री ईलाका प्रहरी कार्यालय, धरान।

हर्कराज राई
नगर प्रमुख

E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

१९. हिमाल खवरमा प्रकाशित समाचारको लिंक

https://www.himalkhabar.com/news/143356?fbclid=IwY2xjawHiy
KlleHRuA2FlbQIxMAABHaRYk3VJHgzphNrIXlRyZE8zAO1BdHO-
s4r8RTnWo8Dhml6RI-
K4bcfdQg_aem_lkpwJNLRznh4O5JISpO7gg&sfnsn=wa